**<u>बिस्मिल्लाहिर्रहमानिर्रहीम</u>**

## सुरू अत्यन्त करूणामय परम दयालु अल्लाहको नाम बाट

### रोजा भनेको के हो ?

रोजालाई अरबिमा अल-सौम भनिन्छ । शब्दकोष अनुसार यसको अर्थ हुन्छः कुनै कुराबाट रुक्नु र इस्लामिक शरिया अनुसार रोजा भनिन्छ "अल्लाहको इबादतको लागि खान-पिन र अन्य रोजा तोडने कुराहरूबाट सुर्य उदाए देखि अस्ताए सम्म आफुलाइ रोक्नु ।"

### रोजाको स्तम्भहरू

❶ अनिवार्य रोजाको नियत ❷ रोजा तोडने कुराहरूबाट रुक्नु

### रोजामा नियत (मनसायको) किसिम

❶ अनिवार्य रोजाको नियतः अनिवार्य रोजाको नियत रातिमा नै गैर्नु पर्छ अर्थात फजर भन्दा पहिला नियत गर्न जरूरी छ र यदि कसैले रमजान महिनाको शुरूमै पुरै महिनाको लागि नियत गर्यो भने त्यो पनि काफि हुन्छ र नियतको स्थान दिल हो तसर्थ जिब्रोले बोलेर नियत गर्नु बिदअत हो ।

❷ नफलि (अनिवार्य न भएको) रोजाको नियतः दिनको कुनै पनि समय नियत गर्न सक्छ यदि बिहान देखि उसले रोजा तोडने कुनैपनि कार्य गरेको छैन भने, (असलमा कुनै पनि कार्य नियत माथि भर पर्छ) ।

### रोजाको प्रकार

❶ अनिवार्य रोजा जस्तै किः (रमजान, कफ्फारा अर्थात् जरिवानाको रोजा र मन्नत मानेको रोजा) ❷ नफलि रोजा ।

### को माथि रोजा अनिवार्य छ ?

❶ इस्लाम मान्ने मुस्लिम माथि ❷ बालिग ❸ बुद्धिमान (फरक छुट्याउन सक्ने बच्चालाइ रोजा रख्न प्रोत्साहित गर्नु राम्रो हो र उसको गारजियनले उसलाई रोजा राख्ने आदेश दिनुपर्छ । ❹ वतनमा भएको मान्छे, आफ्नो वतन भन्दा बाहिर यात्रामा भएको यात्रुमाथि रोजा अनिवार्य छैन र जसको यात्रा सजिलो छ उसले रोजा रखेको राम्रो हो नबि सल्लल्लाहु अलैहि व सल्लमको तरीका हो र साथै जिम्मेवारि बाट चाँडै मुक्त हुनु नै राम्रो कुरा हो, किन कि रोजा राख्यो भने जिम्मेवारी बाट मुक्त पनि हुन्छ र रमजान महिनाको महत्वपुर्ण लाभपनि पाउछ ।

❺ निरोगि, ❻ महिनावारी र सुत्केरी न भएकि महिला



### रोगिको बारेमा रोजाको अवधारणा

❶ यस्तो रोग जसबाट निको हुने आशा छैन र यहि श्रेणिमा ठुलो उमेरको वृद्धहरू पनि छन् जो रोजा राख्न असक्त हुन्छन्, तसर्थ तिनिहरू माथि रोजा अनिवार्य छैन तसर्थ उसले हरेक रोजाको बदला मिस्कीनलाई खाना ख्वाउनु पर्छ । या त उसले रोजाको दिन गणना गरि त्यस बराबर मिस्कीन हरूलाई एकैचोटि जम्मा गरेर दिउसोको वा रातको खाना ख्वाओस, वा उसले हरेक दिन मिस्कीनलाई खाना देओस, हरेक मिस्कीनलाई एक चौथाई "साअ" (खास किसिमको नाप्ने मापन) पाँच सय दस ग्राम राम्रो गहुँ देओस र त्यसको साथमा खानको लागि झोल दियो भने धैरै राम्रो । ❷ यस्तो रोग जसबाट निको हुने सम्भावना त छ तर रोजा राख्न गाह्रो हुन्छ । महिनावारी र सुत्केरी महिला र रोगि तथा यात्रीपनि यहि श्रेणिमा छन् । त यस्तो ब्यक्तिले रमजान पछि छुटेको रोजा पुरा गर्नु पर्छ तर यदि छुटेको रोजा पुरा गर्न भन्दा पहिला नै उसको मृत्यु भयो भने त्यस मान्छेको रोजा माफ हुन्छ ।

### रमजान महिना शरू भएको कसरी थाहा हुन्छ ?

❶ चन्द्रमा देखेर ❷ शाबान महिनाको तीस दिन पुरा भएपछि रमजान को महिना शरू हुन्छ ।

### रोजा तोडने कुराहरू

(यसमा अज्ञानि र बिर्सेको वा जबदस्ति ख्वाइएको मान्छे शामिल छैनन् )

❶ जानि बुझि खानु वा पानी पिउनु, तर जसले भुलवश यस्तो गर्यो उसको रोजा मान्य हुन्छ । ❷ सम्भोग (शारीरिक सम्बन्ध) गरेमाः यदि कसैले रमजान महिनाको दिनमा यस्तो गर्यो जबकि उ रोजा राख्न सक्षम छ भने उ माथि मोगल्लजा (एक किसिमको जरिबाना) हुन्छ जुन यस प्रकार छः एउटा गुलाम (बेचिएको मान्छे) आजाद गर्नु, यदि गुलाम पाएन वा यस काममा सामर्थ छैन भने दुई महिना लगातार रोजा रख्नु पर्छ, यदि योपनि गर्न सक्दैन भने साठि जना मिस्कीनलाई खाना ख्वाउने । ❸ बुढि लाई अङगालो हल्दा वा चुम्बन गर्दा वा यस्तो कुनै यौन क्रियाकलाप गर्दा विर्य निस्केमा रोजा टुट्छ । ❹ यस्तो कुराको सेवन गर्नु जुन खाना वा पानिको काम गर्दछ जस्तै कि तागतको सुई, तर यदि त्यो खाना-पिनाको श्रेणिमा छै न भने त्यसलेपनि रोजा तोडदैन ।



❺ हिजामा अर्थात कप थेरापिः जसले हिजामा (कम थेरापि) द्वारा शरीर बाट रगत निकाल्यो तर जसले चेक जाँच वा यस्तो केहि कामको लागि थोरै रगत निकाल्यो उसले रोजा टुटदैन । ❻ जासले जानि जानि उल्टि गर्यो । ❼ महिनावारि वा सुत्केरी रगत निस्केमा रोजा टुट्छ ।

### रोजामा यो कामहरू मुस्तहब (प्रिय, मन पराईएको) छ ।

❶ सेहरी अर्थात बिहानको अजान भन्दा पहिला केहि खानेकुरा खानु । ❷ ढिलो गरेर सेहरि खानु ❸ इफ्तार छिटो गर्नु अर्थात् सुर्य अस्ताएपछि तुरुन्तै केहि खानु । ❹ रोतब (खास किसिमको नरम खजूर) बाट इफ्तार शरू गर्नु, यदि रोतब पाएन भने कुनै पनि पाकेको खजुर बाट इफ्तार शुरू गर्नु, चाहे एउटा खजुर मात्रै किन न होस, यदि खजूर नै पाएन भने पानीले इफ्तार गर्ने, यदि केहिपनि पाएन भने मनमा इफ्तार गरि सकेको नियत गर्नु । ❺ रोजाको हालतमा खास गरि इफ्तार गर्न बस्दा दुवा गर्दै बस्नु ❻ धैरे भन्दा धैरे दान गर्नु ❼ राति (तरावीह) नमाज को पाबन्दि गर्नु ❽ कुरआन पढनु (अनुवाद सहित बुझेर पढेको झन राम्रो) ❾ उमरा गर्नु ❿ कसैले गाली गर्यो भने उसलाई गाली न गर्नु बरू भन्नु कि म रोजा छु ⓫ लैलतुल कद्रको रात जागेर उपासना र दुवा गर्नु ⓬ रमजान महिनाको अन्तिम दस रातमा (एतकाफ एकान्त भएर इबादत) गर्नु ।

### रोजामा केहि जाएज र केहि नाजाएज कार्यहरू

❶ कुल्लि तथा नाक सफा गर्नमा हद भन्दा अघि बढने ❷ आवश्यक न भएपनि खानाको स्वाद चाख्ने ।

रोजेदारको लागि थुक निल्नु वैध गरिएको छ र यस्तै गरी आवश्यक परेको बेला खानाको स्वाद चाख्न, नुहाउन, मिस्वाक (ब्रश) गर्न, अतर सेन्ट लगाउन र सरीर चिसो गराउन जाएज छ ।

### रोजाको अवस्थामा अवैध कुराहरू

❶ निर्धारित समय भन्दा बढि भइसकेपनि इफ्तार न गर्नु ❷ आफुलाई नियन्त्रण गर्न न सक्नेले बुढिलाई रोजाको हालतमा चुम्बन गर्नु ❸ जूर गर्नु (बोलि-बचनले गर्ने हरेक न राम्रो काम जस्तै झुठ, गाली, धोका अनावश्यक बकवास आदि) ❹ जेहालत अर्थात अज्ञान जस्तै रिस, न राम्रो बानी, ठुला बडाको आदर न गर्नु आदि ।

वेसाल रोजा राख्नुः अर्थात दुई दिन सम्म न लगातार न खाइ रोजा राख्नु ।

## नफलि रोजा (अनिवार्य रोजा बाहेक अतिरिक्त रोजा)

1 शौव्वाल (रमजान महिना पछिको) महिनामा छ ओटा रोजा, जसले रमजान महिनाको पुरा रोजा राख्यो उसले शौव्वाल महिनाको दोस्रो दिन देखि रोजा राख्न शरू गरेको राम्रो हो 2 हाज्ज गर्नेहरू बाहेक अरूले अरफाको रोजा राख्नु पर्छ। 3 आशूरा (मोर्हर्म महिनाको दस तारिख)को रोजा नौ वा एघार तारिख साथमा मिलाएर राख्नु 4 सोमबार तथा बिहिबारको रोजा राख्नु, सोमबारको दिन राख्न बढि ताकेत गरिएको छ 5 हरेक महिनामा तीन दिनको रोजा राख्नु र त्यसको उत्तम समय यो हो कि अरबिक महिना अनुसार हरेक 13,14 र 15 तारिखमा रोजा राख्नु 6 एक-एक दिन बिराएर रोजा राख्ने (एक दिन रोजा राख्ने एक दिन न राख्ने) 7 मोर्हर्म महिनामा धैरै भन्दा धैरै रोजा राख्नु 8 जिल्हिज्जा महिनाको नौ तारीखमा रोजा राख्नु 9 शाबान महिनाको रोजा, तर पुरा महीना रोजा न राख्नु।

## मकरूह (मन न पराइएको) रोजाहरू

1 शुक्रबार, शनिबार वा आइतबार जस्तै खास तोकेर कुनै दिन रोजा रख्नु

## अवैध रोजा

1 रजबको महिनालाई रोजाको लागि खास तोक्नु 2 शंकाको दिनमा रोजा रख्नु, तर कसैलाई बानी छ कि त्यो दिन रोजा राख्थ्यो भने फरक पर्दैन 3 इद र कुरबानी इदको दिन रोजा राख्नु अवैध छ। 4 तशरीकको दीन (कुरबानि ईदपछिको तीन दिन), तर जुन हाजि सँग कुरबानीको जनावर छैन भने उसले राख्न सक्छ 5 हमेशा वर्षभरी नै रोजा राख्नु हराम हो। छुटेको रोजालाई लगातार रख्न सकिन्छ, र कोशिस गर्नुपर्छ कि ईदको दिनपछि तुरून्तै पुरा गर्ने र छुटेको रोजालाई अर्को वर्षको रमजान सम्म पुरा न गर्नु जाएज छैन यदि बिना कुनै कारण ढिलो गर्छ भने उसले गुनाह गर्दै छ

## जकातुल फित्र

हरेक त्यो मुस्लिम जसमाथि रमजान महिनाको अन्तिम दिनको सुर्य अस्तायो र ऊ सँग आफ्नो परिवारलाई दुई छाक पुग्न भन्दा बढि खानेकुरा छ भने त्यसमाथि अनिवार्य छ कि उसले आफु र आफ्नो परिवारको तर्फबाट एस साअ (एक किसिमको मापन) जसको वजन लगभग दुइ किलो छ सय ग्राम हुन्छ, आफुले खाने अन्नबाली बाट दान गरोस। आमाको पेटमा भएको बच्चाको तर्फबाट पनि दान गरेको राम्रो हुन्छ।



## जकाते फित्र दान गर्नुको उद्देश्य

1 रोजादारले गरेको अनर्थ काम र ब्यर्थ कुराबाट शुद्धिकरण 2 गरीबहरूलाई ईदको दिन भोकै बस्न, माग्न र अरूको अगाडी हाथ फैलाउन न परोस।

## फित्रा-दान दिने समय

ईदको एक दिन वा दुई दिन पहिला निकाल्न सकिन्छ र ईदको दिन बिहानको नमाज पछि देखि ईदको नमाज भन्दा पहिला सम्म निकाल्नु राम्रो हो तर ईदको नमाज पछि जकात निकाल्न जाएज छैन।

## फित्रा दान कति मात्रामा निकाल्ने ?

एक साअ (एक किसिमको मापन) जुन मान्छेहरूको आफु खाने बालि मध्ये होस। साअ मापनको मात्रा दुइ किलो चालीस ग्राम राम्रो किसिमको गहुँ हुन्छ।

## ईदको नमाज

यो नमाज हरेक मुस्लिम माथि अनिवार्य छ र यो नमाज सुर्य उदाएर थौरै माथि आएपछि ढल्किन भन्दा पहिला पहिला पढ्नु पर्छ। तर जसको यो नमाज छुट्यो भने उसले पछि कजा (कर्जा) पढनु पर्दैन। र यो नमाज गाँउ बाट बाहिर निस्केर खुला चौरमा पढनु सुन्नत हो र मस्जिदमा पनि पढ्न सकिन्छ।

ईदको नमाज भन्दा पहिला नुहाइ धुलाई सर सफाई गरि सब भन्दा राम्रो कपडा लगाउनु र बिजोडा (एक तीन वा पाँच) खजूर खानु र त्यस पछि एउटा बाटो भएर ईदगाह जानु र अर्को बाटो बाट फिर्ता आउनु।

साथि भाईहरूलाई (तकब्बलल्लाहु मिन्ना व मिन्कुम) अर्थात "अल्लाह तआलाले हामी सबैको इबादत स्वीकार गरून" भन्दै शुभकामना दिनु।

ईदको चाँद देखेपछि रातमा र ईदको दिन यो दुवा पढनु **(अल्लाहु अक्बर अल्लाहु अक्बर ला इलाह इल्लल्लाह वल्लाहु अक्बर अल्लाहु अक्बर व लिल्लाहिल् हम्द)**

ईदको नमाज दुई रकात पढनु पर्छ पहिलो रकातमा तक्बीरे तहरीमा (अल्लाहु अक्बर) भने पछि फेरी छ चोटि अल्लाहु अक्बर भन्नु पर्छ र दोस्रो रकातमा अल्लाहु अक्बर भने पछि पाँच चोटि अल्लाहु अक्बर भन्नु पर्छ र नमाज पढि सके पछि खुत्बा (धार्मिक प्रवचन) हुन्छ।



باللغة النيبالية

नेपाली भाषामा

# रोजा सम्बन्धित केहि महत्वपुर्ण जानकारीहरू

अनुवादक:
रिजवानुल्लाह बिन अब्दुल मन्नान सेराजी



الشيخ
هيثم بن محمد جميل سرحان
المدرس بالمسجد النبوي

WWW.ATTASSEEL-ALELMI.COM